नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

मुद्दा-:सार्वजनिक शान्ति बिरुद्धको कसूर ।

मि.नं.- ४९०, दायर मिति-: २०८०/१२/३०

फैसला मिति- २०८१।०१।३१

| वादी | प्रतिवादी |
|---|---|
| सोनेलाल प्रसाद चौरसियाको जाहेरीले नेपाल सरकार.........................१ | जिल्ला पर्सा कालीकामाई गाउँपालिका वडा नं.२ भेडिहारी बस्ने रामवरण राउत बरैको नाती, जगदिश राउत बरैको छोरा वर्ष ५७ को रामबाब राउत बरै.........................................................१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१. प्रतिवादीले जिल्ला पर्सा कालीकामाई गाउँपालिका वडा नं. २ भेडिहारी स्थित सार्वजनिक सडक तथा नाला समेत निर्माण गर्ने क्रममा उक्त स्थानमा आई काम बन्द गर भनि हल्ला खल्ला गर्न लाग्दा सम्झाई बुझाई गर्दा गाली गलौज गरी हातपात समेत गरी जाहेरवालालाई अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त।

२. प्रतिवादी सार्वजनिक सडक तथा नाला समेत निर्माण गर्ने क्रममा उक्त स्थानमा आई काम बन्द गर भनि हल्ला खल्ला गर्न लाग्दा सम्झाई बुझाई गर्दा गाली गलौज गरी हातपात समेत गरी जाहेरवालालाई अभद्र व्यवहार भन्ने समेतको व्यहोराको घटनास्थल मुचुल्का ।

३. नाला निर्माण तथा सडक बिस्तार कार्य भईरहेकोमा रोड छेउमा रहेको घर जग्गाहरु भत्काउने क्रममा मेरो घर समेत भत्काएको कारण म रिस आवशेमा आई जाहेरवालालाई अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. प्रतिवादीले गाली गलौज गरी हातपात समेत गरी अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका संजय कुमार चौरसिया समेतको घटनाविवरण कागज ।

५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको आशिंक साबिति बयान ।

६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र ।

७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र ।

## ठहर-खण्ड

यसमा मिति २०८०।१२।२६ गते बिहान अं. ०९:०० बजेको समयमा जिल्ला पर्सा कालीकामाई गाउँपालिका वडा नं. २ भेडिहारी स्थित सार्वजनिक सडक तथा नाला समेत निर्माण गर्ने क्रममा प्रतिवादी रामबाबु राउत बरै अचानक उक्त स्थानमा आई काम बन्द गर भनि हल्ला खल्ला गर्न लाग्दा म समेतले सम्झाई बुझाई गर्दा उल्टै मलाई विभिन्न गाली गलौज गरी हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का रहेको, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको आशिंक साविती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी रामबाबु राउत बरैलाई कैद दिन ४ र जरिवाना रु.२०००/- दुई हजार मात्र गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी रामबाबु राउत बरै लाई ठहरेको कैद दिन ४ को हकमा निज मिति २०८०-१२-२६ देखि २०८०-१२-२९ सम्म हिरासतमा बसी भुक्तान गरिसकेको र जरिवानाको हकमा धरौटी र.नं.५०९/२०८०/१२/३० गते दाखिला गरेको रकम रु.२०००/- बाट कट्टा मिनाहा गर्न लेखा शाखा जिल्ला प्रशासन कार्यालय, पर्सालाई पत्र लेख्नु------------------------------------------------------------- १

२.प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु-----------------१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ साल बैशाख महिना ३१ गते रोज २/ने.सं. ११४४ बछलाथ्व ६,शुभम् .....